# बालिकाहरूको समान अवसर र अधिकारका लागि नागरिक संगठनहरूको साझा अपिल

## बालिकाविरुद्धको विभेद अन्त्य गरौं ।

नेपालको संविधानले मानिसहरू बीचको भेदभावको अन्त्य, शोषणको निषेध तथा समान आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक अधिकार र अवसरहरूको सुनिश्चितता गरेको छ । संविधानले महिला, बालिका तथा समाजमा विभिन्न कारणले पछाडि पारिएका एवम् भेदभावको शिकार भएका समुदाय र वर्गका लागि विशेष आरक्षण नीतिको अवलम्बन गर्न राज्यलाई निर्देश पनि गरेको छ । नेपालमा नागरिक संगठनहरूले महिला तथा बालिकाविरुद्ध हुने सबै खाले हिंसा, भेदभाव तथा शोषणका विरुद्धमा विभिन्न क्षेत्रगत र विषयगत कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यद्यपी बालिकाहरू विरुद्ध हुने विभेद र हिंसालाई समुल रूपमा नष्ट गर्न तथा राज्य, समाज र परिवारका संरचनागत प्रणाली र व्यवस्थाहरूमा पूर्ण रूपमा रूपान्तरण गर्न सकिएको छैन ।

नेपालको जनसंख्याको ४१. ८२% हिस्सा ओगटेका बालबालिकाको कूल जनसंख्याको ४९ प्रतिशत बालिकाहरूको संख्या रहेको छ । जनसंख्या प्रक्षेपण २०१६ अनुसार नेपालमा १९ वर्ष भन्दा कम उमेरका किशोरीहरूको संख्या ५८ लाख ६६ हजार रहेको अनुमान गरिन्छ, जुन कूल जनसंख्याको झण्डै २० प्रतिशत हिस्सा हुन पुग्दछ ।

नेपालमा बालिकाहरूको शिक्षा तथा सामाजिक जीवनस्तर र सहभागिताको अवस्थामा विगतमा भन्दा सुधार भएको देखिए पनि आर्थिक, राजनीतिक तथा परम्परागत अभ्यासहरूमा बालिकाहरू अझै पनि विभेद र हिंसाको शिकार हुन बाध्य भइरहेको तथ्यांकहरूले देखाउँछन् । किशोरीहरू प्राविधिक शिक्षामा पहुँच तथा आर्थिक रोजगारीका अवसरहरूमा पुरुष तथा किशोरहरूका तुलनामा पछाडि परिरहेका छन् । पुरुष तथा किशोरहरूको आर्थिक एवम् रोजगारीका सहभागिता ५८% भइरहँदा महिला र किशोरीहरू केवल ३९ प्रतिशतमा मात्र सिमित भएका छन् तर, बालश्रममा सहभागिताको सन्दर्भमा बालकहरूको ३० प्रतिशत संख्या संलग्न देखिन्छ भने बालिकाहरूमा यो संख्या ३८ प्रतिशत रहेको पाइन्छ । माध्यमिक शिक्षाको परीक्षामा बालिकाहरूको उपलब्धी बालकको तुलनामा कमजोर देखिन्छ भने उच्च शिक्षामा सहभागितामा किशोरीहरू किशोरहरूको तुलनामा धेरै नै पछाडि धकेलिएको पाइन्छ । अझै पनि एक चौथाइ किशोरीहरूको विवाह २० वर्ष भन्दा कम उमेरमा नै हुने गरेको पाइन्छ । १५ देखि १९ वर्ष उमेरका किशोरीहरूमध्ये १७ प्रतिशत किशोर अवास्थामा नै आमा बन्न बाध्य छन् । २२% महिलाहरूले १५ वर्ष भन्दा कम उमेरमा नै कुनै न कुनै हिंसा भोग्न बाध्य भएको तथ्याङ्कहरूले देखाएको छ । विद्यालयमा महिनावारीका समयमा आधारभूत सुविधा (स्यानीटरी प्याड तथा पानी र सरसफाइ) सहित्को सुरक्षित शौचालयका अभावमा अझै पनि धेरै किशोरीहरू वार्षिक औसत ५० दिन विद्यालयमा गयल हुने गर्दछन् । नेपाल प्रहरीको अपराध सम्बन्धी तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७४/७५ मा मात्र ९९५ जना बालिकाहरू बलात्कारका घट्नाबाट पीडित भएको देखिन्छ । नागरिक संगठनहरूले गरेका अध्ययन अनुसार वार्षिक १२ देखि १७ हजारसम्म बालिका र महिला भारततर्फ बेचबिखनमा पर्ने गरेको पाइन्छ । नेपालमा अझै पनि ८१ प्रतिशत महिलाहरू २ भन्दा बढी छोरी जन्मने भएमा गर्भपतन गराउनुलाई औचित्यपूर्ण मान्दछन् । बालिका विरुद्धको गर्भैदेखिको विभेदको यो निकृष्ट उदाहरण हो ।

नेपालको संवैधानिक व्यवस्थाले भेदभाव विरुद्धको अधिकार, महिला र बालिकाहरूको विशेष अधिकार तथा बालबालिकाको विशेष अधिकारलाई मौलिक हकको रूपमा अंगिकार गरेको छ । महिला बालिका तथा अन्य पछाडि पारिएका समुदायलाई विशेष सामाजिक संरक्षणको हकको व्यवस्था गरेको छ ।

नेपाल संयुक्त राष्ट्रसंघद्वारा पारित मानव अधिकारका ९ प्रमुख महासन्धिहरूमध्ये ७ वटाको पक्ष राष्ट्र हो । बालिकाविरुद्ध हुने विभेदलाई बालअधिकार महासन्धि, महिलाविरुद्ध हुने सबैखाले भेदभाव निर्मुलन गर्ने महासन्धि तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिले स्पष्टरूपमा निषेध गरेको छ र पक्ष राष्ट्रहरूलाई आवश्यक नीतिगत, संरचनागत र कानूनी व्यवस्थाद्वारा सम्बोधन गर्न निर्देशित गरेको छ । पक्ष राष्ट्रको हैसियतले यी महासन्धिका प्रावधानहरूको सम्मान, संरक्षण र पालना गर्नु, यसका प्रावधानहरूको कार्यान्वयन सम्बन्धमा संयुक्त राष्ट्र संघमा नियमित आवधिक प्रतिवेदन पेश गर्नु र प्राप्त समामन टिप्पणी तथा सुझावहरूको कार्यान्वयन गर्नु नेपालको दायित्व हुन आउँछ । नेपालको सन्धि ऐन (२०४८) ले नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूको प्रावधान कानुन सरह लागु हुने र नेपालका कानूनसँग बाझिएमा महासन्धिका प्रावधानहरू नै सर्वोपरी हुने व्यवस्था गरेको छ ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्र संघको महासभाबाट अनुमोदित विश्वको विकासको मार्गदर्शन दस्तावेज दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नेपाल सरकारले पनि २०३० सम्मको मार्गचित्र तयार पारेको छ । उक्त मार्ग चित्र अनुसार नेपाल सरकारले महिला गरिबीलाई ५ प्रतिशतमा सिमित गर्ने, लैङ्गिक समानता प्रवर्द्धनमा नेपाल सरकारको लगानी बढाउँदै लैजाने, बालिका तथा किशोरीहरूको स्वास्थ्य तथा प्रजनन् स्वास्थ्यका अवस्थामा सुधार गर्ने, किशोरीअवस्थामा आमा बन्ने किशोरीको संख्यालाई प्रति एक हजार ३० मा सिमित पार्ने, शिक्षामा रहेको लैङ्गिक विभेदको अन्त्य गर्ने, प्राविधिक शिक्षामा किशोरीहरूको पहुँच बढाउने र आर्थिक रोजगारीका अवसरहरूमा समानता सिर्जना गर्ने, हिंसाको शिकार हुने महिला र किशोरीको संख्यालाई ५ प्रतिशतमा सिमित गर्ने, बेचबिखन तथा यौन शोषणको अन्त गर्ने लगायतका लक्ष्य एवम् सूचकहरू निर्धारण गरेको छ ।

तीन तहको राज्य संरचना अन्तर्गत नेपालले संघीय प्रदेश एवम् स्थानीय तहमा बालिकाका सवाल तथा सरोकार सम्बोधन गर्न नीतिगत र संरचनागत व्यवस्थाहरू गरेको छ । आधारभूत सेवा प्रदायकको रूपमा रहेको स्थानीय तहको सरकारलाई बाल विवाह, बेचबिखन, श्रम शोषण, हिंसा मुक्त समुदाय प्रवर्द्धन गर्ने, शिक्षा तथा स्वास्थ्यमा आवश्यक कार्यक्रमहरू निर्माण गरी लागु गर्ने अधिकार प्रदान गरिएको छ । स्थानीय तहमा नै बालकल्याण अधिकारी सहित् निर्वाचित कार्यपालिका सदस्यको संयोजकत्वमा बालअधिकार समितिको व्यवस्था गरिएको छ । स्थानीय न्यायिक समितिले बालअधिकार उल्लंघन तथा हनन्का घट्नाहरूको सुनवाई गर्न सक्ने देवानी प्रकृतीका केही विवादहरूको न्यायिक निरुपण गर्ने तथा फौजदारी अपराधका घट्नाहरूलाई सम्बन्धित निकायमा प्रेषण गर्ने अधिकार दिइएको छ । प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालयले बालिकाहरूको संरक्षण तथा सुविधा र समान अवसरका लागि विविध सेवा प्रवाहका कार्यक्रमहरू, आवश्यक नीति तथा नियमहरू निर्माण र कार्यान्वयन गर्न सक्ने तथा स्वास्थ्य, प्राविधिक शिक्षा, रोजगारी सम्बन्धी विशेष व्यवस्थाहरू गर्न सक्ने व्यवस्था गरिएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयको मन्त्रीको संयोजकत्वमा प्रदेश बाल अधिकार समिति गठन गरिने व्यवस्था गरिएको छ । संघीय सरकारले फौजदारी अपराध सम्बन्धी नीति नियमहरू निर्माण र कार्यान्वयन गर्ने, बालिका तथा महिलाहरूको सम्बन्धमा विशेष राष्ट्रिय कार्यक्रमहरू सञ्चालन गर्ने, बालिकाहरूका लागि विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू लागु गर्न सक्ने व्यवस्था गरिएको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्रीको संयोजकत्वमा राष्ट्रिय बाल अधिकार परिषद गठन गर्ने व्यवस्था गरेको छ ।

नेपालमा बालिकाहरूको विद्यमान अवस्था, वर्तमान राज्य संरचना तथा नीतिगत व्यवस्था र संयन्त्रहरूको विश्लेषण गर्दा नेपालमा बालिकाका निम्न सवालहरू मुख्य रहेको पाइन्छ:-

- बालिकाहरूको सुरक्षित जन्म तथा समान पोषणको अधिकारको सवाल ।
- प्राविधिक तथा माध्यमिक एवम् उच्च शिक्षामा समान पहुँच, अवसर र लैङ्गिक समानतापूर्ण व्यवहारको व्यवस्था ।
- आर्थिक तथा रोजगारीका अवसरहरूमा सम्मानपूर्ण, सुरक्षित तथा समान अवसर ।
- खेलकुद लगायत साहसिक क्षेत्रहरूमा बालिकाहरूको संरक्षण र सरोकार ।
- बालिका तथा किशोरीहरूको सहभागिता तथा नेतृत्व विकासका लागि समान अवसर ।
- यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवाको सहज पहुँच ।
- इन्टरनेट लगायत सूचना प्रविधि तथा सूचनामा समान पहुँच र अवसर ।
- महिला र बालिका विरुद्धको हिंसा, यौन दुर्व्यवहारबाट संरक्षण र सुरक्षित बस्ति तथा शहर ।
- लैङ्गिक सामाजिक शक्ति संरचनाको रूपान्तरणमुखि नीति र कानूनको आवश्यकता ।

माथि उल्लेखित विद्यमान सवालहरूको सम्बोधनका लागि निम्न नीतिगत, संरचनागत तथा कार्यक्रमिक व्यवस्था गर्न र लागु गर्न जरुरी देखिन्छ ।

## नीतिगत

- राज्यका समग्र क्षेत्र र निकायलाई सम्बोधन गर्न सक्ने गरी लैङ्गिक समानता सम्बन्धी एकिकृत विशिष्ट लैङ्गिक समानता सम्बन्धी संघीय ऐन, प्रदेश नियम तथा स्थानीय नियम र कार्यविधि ।
- संघीय, प्रदेश तथा स्थानीय तहको बजेट तथा योजना तर्जुमा सन्दर्भमा लैङ्गिक समानता प्रवर्द्धन गर्न बालिका तथा किशोरी लक्षित कार्यक्रम तथा अनिवार्य लगानी सहित्को नीतिगत व्यवस्था ।
- राज्यका संयन्त्रहरू, सामुदायिक संगठनहरू निजि क्षेत्र लगायतका समूह तथा संगठन एवम् निकाय र नेतृत्व क्षमता विकासका अवसरहरूमा महिला र बालिकाहरूको अनिवार्य प्रतिनिधित्व र सहभागिता सम्बन्धी नीतिगत व्यवस्था ।
- किशोरी तथा बालिकाहरूविरुद्ध हुने सबै खाले हिंसा र त्यस सम्बन्धी जोखिम न्युनीकरणका लागि सुरक्षित समुदाय र सुरक्षित विद्यालय सम्बन्धी नीतिको निर्माण र कार्यान्वियन ।
- सूचना प्रविधि तथा इन्टरनेट सुविधामा बालिकाहरूको सहज र सुरक्षित पहुँचका लागि सार्वजनिक विद्यालय तथा सामुदायिक पुस्तकालय र अध्ययन केन्द्रहरूमा सुरक्षित इन्टरनेट सेवाको उपलब्धता सम्बन्धी नीति ।

## संरचनागत व्यवस्था

- संघीय तहमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवम् राष्ट्रिय बाल अधिकार परिषद तथा महिला बालबालिका सम्बन्धी संसदीय समिति अन्तर्गत बालिका अधिकार सम्बन्धी डेस्क, उपसमिति तथा कार्यदलको गठन ।
- राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गत बालिका डेस्कको स्थापना र सञ्चालन ।
- संघीय प्रहरी अन्तर्गत महिला तथा बालबालिका निर्देशनालय अन्तर्गत बालिका शाखाको स्थापना र सञ्चालन ।
- प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति तथा प्रदेश सभामा महिला र बालबालिकाको सवाल हेर्ने संसदीय समिति अन्तर्गत बालिका उपसमितिको गठन र सञ्चालन ।
- राष्ट्रिय योजना आयोग तथा प्रदेश नीति तथा योजना आयोगहरूमा बालबालिका शाखा अन्तर्गत बालिका उपशाखाको गठन र योजनाहरूमा बालिका सम्बन्धी विशेष प्रस्ताव तथा कार्ययोजनाको निर्माण ।
- स्थानीय तह अन्तर्गत जिल्ला सभा तथा स्थानीय सभामा बालिका उपसमिति वा समन्वय समूहको गठन र सञ्चालन, स्थानीय बालअधिकार समिति अन्तर्गत बालिका विशेष कार्यदल गठन ।
- विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा बालिका तथा किशोरी सरोकार समूहको गठन ।
- नागरिक संगठनहरूमा संघ, प्रदेश र स्थानीय तहमा बालिका अधिकार र समानताका लागि साझा मञ्चको रूपमा प्रवर्द्धन गर्न बालिका अधिकार नागरिक सञ्जालको गठन र सञ्चालन ।

## कार्यक्रमहरूको व्यवस्था

- बालिकाविरुद्ध हुने र भइरहेका परम्परागत विभेद, हानिकारक अभ्यास तथा हिंसाको रोकथामका लागि सांस्कृतिक रूपान्तरणका कार्यक्रमहरू तथा राष्ट्रव्यापी अभियान ।
- स्थानीय तथा प्रदेश स्तरमा प्राविधिक शिक्षामा किशोरी सहभागिता तथा किशोरी रोजगारी प्रवर्द्धन कार्यक्रम
- बालिका तथा किशोरीका लागि सुरक्षित र मैत्रीपूर्ण संस्था, शहर तथा बस्ती निर्माण र प्रवर्द्धन अभियान
- खेलकुद तथा साहसिक क्षेत्रमा बालिकाको सहभागिता प्रवर्द्धन गर्न बालिकाको क्षमता विकास राष्ट्रिय कार्यक्रम ।
- लैङ्गिक समानता तथा बालिका अवसरका लागि पुरुष, बालक र किशोरहरूको सक्रिय र सकारात्मक सहभागिता प्रवर्द्धन गर्न पुरुष सहभागिता अभियान ।
- बालिका तथा किशोरीहरूको न्यायमा पहुँचको सुनिश्चितताका लागि हिंसा तथा अपराधका घटनामा बालिकामैत्री अनुसन्धान र न्यायिक प्रणाली प्रवर्द्धनका कार्यक्रमहरू ।

नेपालमा बालिकाको अवस्था सुधार गर्न नेपाल सरकार, नागरिक संघसंगठन, निजीक्षेत्र, समुदाय, परिवार, विद्यालय र स्वयम् किशोरी बालिकाहरू एकताबद्ध भई बालिकाहरूको लागि नीतिगत संरचनागत र कार्यक्रमहरु व्यवस्था गर्न लाग्नु पर्ने देखिन्छ ।

*(यो अपिल जागृति बाल तथा युवा सरोकार नेपालले बालबालिका तथा बालिकाहरूको सवाल र सरोकारमा कार्यरत नागरिक संस्थाहरूसँगको परामर्शबाट तयार पारेको हो ।)*

JCYCN 2001
**Jagriti Child and Youth Concern Nepal**
जागृति बाल तथा युवा सरोकार नेपाल

**Central Contact Office :**
Kathmandu Metropolitan City-29
Sagarmatha Marga, Anamnagar, Nepal
Phone: 977-01- 4772111
Email: jcycn2001@gmail.com

**Establishment Office :**
Devchuli-15, Nawalparasi
Cell No. 9857041304
Website: www.jcycnepal.org.np

प्रकाशन सहयोग:
KANALLAN
GIVING RIGHT NOW